वर्ष : २१, अंक : २५, काठमाडौं, २०८२ कार्तिक २८ गते शुक्रबार, 14 November, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित —————— www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मधेशका नवनियुक्त प्रदेश प्रमुख डा.लाभद्वारा पदभार ग्रहण



जनकपुरधाम । मधेश प्रदेशका नवनियुक्त प्रदेश प्रमुख डा.सुरेन्द्र लाभ कर्णले पदभार ग्रहण गरेका छन् । प्रदेश प्रमुख कार्यालयमा पुगेर उनले प्रदेश प्रमुखको पदभार ग्रहण गरेका हुन् ।

मधेश प्रदेशका निमित्त प्रमुख सचिव लालबाबु काबाडीले उनलाई स्वागत गर्दै प्रदेशको राजनीति अवस्था, शान्ति सुरक्षा सहितको प्रदेशको समग्र वस्तु स्थितिका विषयमा जानकारी गराएका थिए ।

पदभार ग्रहणपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रदेश प्रमुख डा.कर्णले मधेश प्रदेशलाई सीताको जननीको भूमि भन्दै यहाँको ऐतिहासिक र सांस्कृतिक पहिचानप्रति सम्मान व्यक्त गरे ।

उनले आफू पत्रकारमैत्री प्रदेश प्रमुखको रूपमा रहन चाहने बताउँदै सञ्चारकर्मीहरूको राय, सुझाव र सहयोग आवश्यक रहेको बताए । उनले संविधानको रक्षा गर्दै र न्यायपूर्ण रूपमा प्रदेशको सेवा गर्ने बताए ।

मधेश प्रदेशको मुख्यमन्त्री नियुक्तिको प्रक्रियाको विषयमा जनगुनासो बढेपछि सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई पदमुक्त गरी नयाँ प्रदेश प्रमुखमा धनुषाका डा. सुरेन्द्र लाभ कर्ण नियुक्त गरेका थिए ।

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले गत मङ्गलवार शीतल निवासमा प्रदेश प्रमुख कर्णलाई पद तथा गोपनीयताको शपथ गराउनु भएको थियो ।

त्रिभुवन विश्व विद्यालयमा अर्थशास्त्रको प्राध्यापकको रूपमा लामो समय सेवा गरेर सेवा निवृत्त हुनुभएका कर्ण राष्ट्रिय योजना आयोगका सदस्य हुँदै मधेस प्रदेशको प्रदेश प्रमुखमा नियुक्त भएका छन् ।

# मधेश प्रदेशको अस्थिरता अन्त्यका लागि संवैधानिक संवादको आग्रह

मधेश महासभा

उदारवाद । मधेशवाद । सामूहिक नेतृत्व

काठमाडौं । मधेश प्रदेशमा उत्पन्न राजनीतिक अस्थिरताप्रति मधेश महासभाले गम्भीर ध्यानाकर्षण जनाउँदै संवैधानिक प्रक्रिया र राजनीतिक संवादमार्फत समस्याको समाधान खोज्न सबै पक्षलाई आह्वान गरेको छ। बिहीबार जारी विज्ञप्तिमा महासभाका संस्थापक बीपी साहले हालको घटनाक्रमले प्रदेशको स्थायित्व र संघीय लोकतान्त्रिक व्यवस्थामा प्रतिकूल प्रभाव पारेको उल्लेख गरेका छन्।

विज्ञप्तिमा भनिएको छ कि जेन-जेड आन्दोलनपछि उत्पन्न राजनीतिक अस्थिरताको अवसरलाई प्रयोग गर्दै प्रदेश सभामुख र तत्कालीन प्रदेश प्रमुखबाट गरिएको 'असंवैधानिक कदम'ले अवस्था झन जटिल बनाएको छ। संवैधानिक प्रक्रियालाई बेवास्ता गरी राजनीतिक छलफल विना गरिएको मुख्यमन्त्री नियुक्तिको प्रक्रिया विवादरहित नरहेको उल्लेख गर्दै महासभाले सर्वोच्च अदालतले पनि सो विषयलाई शंकास्पद ठहर गर्दै दीर्घकालीन कामकाजमा रोक लगाएको तथ्य स्मरण गराएको छ।

राज्यपक्षबाट प्रदर्शनरत मधेशी मोर्चा लगायतका दलका सांसद, नेता र कार्यकर्तामाथि गरिएको दमनप्रति महासभाले घोर भर्त्सना गरेको छ। संघीय लोकतान्त्रिक व्यवस्थामा सबै पक्षलाई राजनीतिक विचार राख्ने र शान्तिपूर्ण आन्दोलन गर्ने अधिकार सुनिश्चित भएको बताउँदै, महासभाले तत्काल दमन रोक्न सरकारसँग माग गरेको छ।

विज्ञप्तिमा मधेश प्रदेशको छविमा आघात पुऱ्याउने कुनै पनि गतिविधि सकारात्मक नहुने उल्लेख गर्दै संघीयता, समावेशिता र पहिचानका मूल्य-मान्यताका संरक्षणका लागि प्रदेशका राजनीतिक दल र आमजनताको निरन्तर संघर्षप्रति समर्थन प्रकट गरिएको छ।

आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै, मधेश प्रदेशको राजनीति संवैधानिक बाटो र संवादमार्फत स्थायित्व र समाधानतर्फ अगाडि बढ्ने अपेक्षा महासभाले व्यक्त गरेको छ।

## मधेशका मुख्यमन्त्री नियुक्तिविरुद्ध मोटरसाइकल ऱ्याली



जनकपुरधाम । नेपाली काँग्रेस सहितका सात दलीय गठबन्धनले जनकपुरधाममा मधेश प्रदेश सरकार गठन प्रक्रियाको विरोध गर्दै मोटरसाइकल ऱ्याली निकालेको छ । मधेश भवनको मुख्य प्रवेशद्वारबाट निकालिएको ऱ्याली नगरको विभिन्न भागको परिक्रमा गरेको छ । प्रदेश सरकार गठन प्रक्रिया नै अवैधानिक भएको भन्दै विगत तीन दिन यता सात दलका नेताहरू आन्दोलनमा उत्रेका छन् ।

धर्ना कार्यक्रमसँगै मोटरसाइकल ऱ्याली सात दलले निकालेको छ । मोटरसाइकल ऱ्यालीमा मधेश प्रदेश सरकारका पूर्वमन्त्रीहरु, प्रदेश सभाका सदस्यहरु सहभागी रहेका छन् । यसअघि मधेश भवनको मुख्य प्रवेश मार्गमा नै सात दलको तर्फबाट धर्ना जारी रहेको छ । धर्ना कार्यक्रममा मधेश प्रदेश सभाका सदस्यहरु, दलका नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेका थिए ।

तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नेपालको संविधानको धारा १६८ को उपधारा ३ अनुसार मधेश प्रदेश सभामा सबैभन्दा ठूलो दलका संसदीय दलका नेताको हैसियतले नेकपा एमालेका संसदीय दलका नेता सरोज कुमार यादवलाई कार्तिक २३ गते मुख्यमन्त्रीमा नियुक्त गरेर २४ गते शपथग्रहण महोत्तरीको कालापथ्थर जङ्गलमा रहेको एक रिसोर्टमा गराएकी थिइन् ।

सात दलले ७४ जना प्रदेश सभाको समर्थन रहेको भन्दै संविधानको धारा १६८ को उपधारा २ को आधारमा बहुमतीय सरकार बनाउने अवस्था हुँदा हुँदै गलत नियतले उपधारा ३ प्रयोग गरेर नेकपा एमालेको नेतृत्वमा सरकार बनाउने काम भएको भन्दै सात दलका नेताहरू त्यही दिन देखि विरोधमा रहेका छन् ।

## जेनजी आन्दोलनका घाइतेहरूलाई परिचयपत्र

महोत्तरी । नेपाल सरकारको निर्देशनअनुसार जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण प्रक्रिया सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले एक सूचना जारी गर्दै जिल्लाभित्र स्थायी ठेगाना भएका घाइतेहरूलाई सक्कल नागरिकता प्रमाणपत्रसहित कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको हो ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीका सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षरमा जारी सूचनामा भनिएको छ, "गृह मन्त्रालय (राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा) बाट प्राप्त निर्देशन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको विवरण अनुसार जेनजी आन्दोलनका घाइतेहरूलाई परिचयपत्र वितरण गरिनुपर्ने भएकाले सम्बन्धित व्यक्तिहरूले कार्यालयमा सम्पर्क गरी आफ्नो परिचयपत्र प्राप्त गर्नुपर्नेछ।"

## 'सुशीला कार्की नेतृत्वको सरकार जेनजीको माग पुरा गर्न असफल'

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष एवं पूर्वमन्त्री प्रभु साहले अहिलेको व्यवस्था असफल भइसकेकाले अन्तरिम संविधान र नयाँ अन्तरिम सरकार गठन गरेर देशलाई निकास दिनुपर्ने बताएका छन् । तनहुँ जिल्लाको दुलेगौंडा शुक्लागण्डकीमामा आजपाद्धारा आज ( मंगलबार) आयोजित भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै उनले अन्तरिम सरकार र अन्तरिम संविधानले मात्रै जेनजी आन्दोलनको माग पुरा गर्न सक्ने भएकाले सोही अनुसार अगाडी बढनुको विकल्प नभएको उनले बताए । जेन-जी आन्दोलनमा चरम दमन गर्ने र युवाहरुको छाती र टाउकोमा ताकिताकि गोली हान्नेहरुले नै आज चुनाव हुन नदिने भनेर चूनौति दिन थालेको भन्दै आजपा अध्यक्ष साहले देशभक्त,



प्रगतिशील र राष्ट्रवादी जनता जागरुक हुनुपर्ने आवश्यकता औंल्याए ।

'जेनजी आन्दोलनको माग पुरा गर्नुको साटो सरकार अलमलमा परेको जस्तो छ । निर्वाचनको वातावरण बनाउन ध्यान छैन् । जेनजीका हत्यारा, भ्रष्टाचारीलाई कारबाही गर्नुको साटो सरकार उल्टोबाटोमा हिडेको छ,' आजपा अध्यक्ष साहले भने, 'अहिलेको व्यवस्था पूर्णरुपमा असफल भइसकेको छ। अन्तरिम सरकार र अन्तरिम संविधानले मात्रै जेनजी आन्दोलनको माग पुरा हुन्छ ।'

२१ फागुनको चुनाव फेस गर्न एमाले डराउनुको कारण ओलीको दम्भकारी शासन र अहंकारलाई युवाहरुको बलमा जनताले दुई दिनमै धुलो चटाएको र अहंकार उतारिदिनु नै प्रमुख कारण भएको साहको टिप्पणी छ। उनले भने, 'एक त केपी ओलीहरु अहिले लुकेर बस्नुपरेको छ, अर्को भर्खरै युवाहरुलाई ताकिताकि गोली हानेर मारिएको छ, अनि यिनीहरु कुन मुख लिएर जनतामा जान्छन् ? जनताले यी हत्यारा शासकहरुको मुख नै हेर्न चाहेका छैनन् ।' जाँचबुझ आयोगले पनि भदौ २३ गते युवाहरुको हत्यामा संलग्न शासकहरुलाई अहिलेसम्म बयान लिन नसक्नु निकम्मापन भएको भन्दै उनले आयोगका पदाधिकारीको क्षमतामाथि नै प्रश्न उठाए । उनले गृहमन्त्री ओमप्रकाश अर्याल सस्तो लोकप्रियतामा रमाएको र जाँचुबझ आयोगका पदाधिकारी पनि कमजोर मनोवल बोकेर बस्दा हत्याराहरुको चाहीँ मनोवल उकासिएको टिप्पणी गरे ।

'शान्ति, सुरक्षा र अमचनयन गर्ने जिम्मा पाएका गृहमन्त्रीलाई कहिले बालेनले धम्काएको छ, कहिले जेनजी अगुवाले राजीनामा मागेका छन्, अनि गृहमन्त्री लुतेजस्तो देखियो, निरीह देखियो, यस्तो निरीहपनले देशमा चुनाव हुन्छ ?' सुशीला कार्कीको नेतृत्वमा सरकार बनेको दुई महिना पुगे पनि जेनजी युवाहरुको हत्यारालाई कारबाही प्रक्रिया अघि नबढ्नुमा सरकार र हत्याराहरुको नेक्ससको गन्ध आएको साहको आरोप छ ।

# नेपाल र भारतबीच पारवहन सन्धिको प्रोटोकल संशोधन

काठमाडौं । नेपाल र भारतबीच पारवहन सन्धिको प्रोटोकलमा संशोधन भएसँगै अब सबै किसिमका कार्गो (सामान) कोलकाता र विशाखापटनम्, विराटनगर (जोगवनी) तथा नौतनवा (सुनौली)मार्ग हुँदै भैरहवासम्म ढुवानी गर्न सकिने भएको छ ।

संशोधनले नेपालको पारवहन लागत र समय दुवै घट्ने र व्यापार सहजीकरणमा महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले जानकारी दिए ।

आपूर्ति मन्त्री अनिलकुमार सिन्हा भारतको विशाखापटनम् जाने क्रममा भारत सरकारका वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलसँग नयाँ दिल्लीस्थित भारतको वाणिज्य भवनमा भेटघाट गरेका थिए ।

सो अवसरमा दुवै देशबीच पारवहन



सन्धिको संशोधित प्रोटोकलको औपचारिक आदानप्रदान गरिएको हो । यसअघि दुवै नाकाबाट सीमित चार वटा बल्क सामान मात्र रेलमार्फत ढुवानी गर्न सकिने व्यवस्था रहेकामा अब सबै प्रकारका कार्गो सामान रेल तथा सडक मार्गमार्फत पठाउन सकिने भएको प्रवक्ता बस्नेतले बताए ।

भेटका क्रममा नेपाल-भारतबीचको द्विपक्षीय व्यापार, पारवहन व्यवस्था, व्यापार पूर्वाधार विकास तथा लगानी प्रवर्द्धनका विषयमा विस्तृत छलफल भएको मन्त्रालयले जनाएको छ । मन्त्री सिन्हाले दुवै देशबीचको व्यापार र पारवहन सहजीकरणको लागि प्रमाणीकरण प्रक्रिया सरलीकरण गर्नुपर्नेमा जोड दिएका थिए ।

त्यस अवसरमा मन्त्री सिन्हाले भारतको 'छिमेकी पहिला नीति' को प्रशंसा गर्नुहुँदै उक्त नीतिअनुरूप द्विपक्षीय व्यापार, पारवहन तथा लगानी प्रवर्द्धनका क्षेत्रमा अझ सहकार्य र समन्वय आवश्यक रहेको उल्लेख गरे ।

भारतका मन्त्री गोयलले नेपाल भारतका लागि विशेष प्राथमिकता प्राप्त देश रहेको बताउनुहुँदै छलफलमा रहेका विषयहरूलाई शीघ्र निष्कर्षमा पुऱ्याउन दुवै देशका पदाधिकारीलाई निर्देशन दिए ।

उक्त भेटघाटमा नेपालका तर्फबाट भारतका लागि नेपाली राजदूत डा शङ्कर शर्मा तथा दुवै देशका सम्बन्धित मन्त्रालयका वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको थियो ।

## सम्पादकीय

# मधेश अब सचेत हुनैपर्छ

लोकतन्त्र, समानता र स्वतन्त्रता दुईवटा महत्वपूर्ण पक्ष हो। संविधान र कानुनमा सबै बराबर छन् भनेर लेखेर समानता हुँदैन। अधिकार र अवसरमा हुनुपर्छ। अहिले अवसर प्राप्त भएको ब्युरोक्रेसीदेखि अन्य क्षेत्रहरूमा हेर्ने हो भने नेपालको दुई तिहाई जनसंख्या भएको समुदायले ३/४% प्रतिशत मात्र प्रतिनिधित्व पाउँछ। त्यसलाई समानता कसरी भन्ने ? महिला, मधेशी, दलित, जनजातिको उपस्थिति एकदमै न्यून भएको अवस्थालाई समानता भन्न सकिँदैन। अवसरमा समानता भएन भने अधिकारमा समानता छ भनेर कागजमा लेखेर भातृत्व कसरी पैदा हुन्छ ? सम्पन्नता र विपन्नताबीचको भातृत्व धेरै कठिन कुरा हो।

कार्ल मार्क्सले वर्ग संघर्षको कुरा गरे तर हाम्रो समाजमा वर्ग संघर्ष छँदैछ। एउटा उच्च समुदायको दलितको र एउटा पछाडि पारिएको समुदायका दलितबीचको स्तर कहाँ मिल्छ र ? नेपालको सबैभन्दा धनी व्यक्तिको घरमा जाँदा त्यो घरमा बुहारीको स्थान धेरै तल हुन्छ त्यहाँ समानता हुँदैन । खासगरी वर्णमा आधारित ब्राहमण, क्षेत्री, वैश्य, सुद्र भनी गरिएको विभाजन छ। त्यसमा सुद्रहरूले भोगेको दुर्दशा र उत्पीडनहरू चरम सीमामा छ। त्यो पश्चिमी दुनियाँले अनुभूति नै गर्न पाएनन्। पूर्वीय दुनियाँ र पश्चिमी दुनियाँमा धेरै फरकपना छन्।

जातीका आधारमा हुने विभेद र असमानताहरू, वर्णमा आधारित समाजले उत्पन्न गरेको हो जसमा सबभन्दा प्रताडीत दलित, महिला लगायतका छन्। त्यो प्रथा र वर्णले गर्दा भइरहेको हुने खाने र हुँदा खानेबीचको अन्तरलाई अन्त्य नगरेसम्म समानता कहाँबाट हुन्छ ? र त्यसको अन्त्य नगरेसम्म समाजवाद पनि हुन सक्दैन। जातीय आधारमा, वर्गीय आधारमा हुने शोषणा, उत्पीडन र लैगिंक असमानता र विभेदलाई अन्त्य गरी त्यस सँगसँगै सबैलाई बराबरी अधिकार भएको समान अवसर प्राप्त भएको लोकतन्त्र नै समावेशी लोकतन्त्र हो।

समाजवादमा समानता सँगसँगै सम्पन्नता पनि चाहिन्छ। गरिबहरूको बीचमा हुने असमानताले समाजवाद ल्याउँदैन। जातीय, वर्गीय र लैगिंक असमानता अन्त्य भएको समाज निर्माण गर्नु नै वास्तवमा समाजवादी हो। यस दिशा तर्फ जानका लागि संघीयतालाई संस्थागत गर्नु आवश्यक छ। संघीयता संविधानमा त लेखियो तर संघीयताको गुणहरूलाई संविधानले समेट्न सकेन। पञ्चायत कालमा निर्दलीय प्रजातन्त्र भने झैं अहिले संघीयता भन्ने तर त्यसमा पहिचान, प्रादेशिक स्वायत्तता, समानतालाई हटाइदिने ? यो संघीयतालाई कसरी समृद्ध बनाउने त्यसको लागि अहिलेको संविधानलाई संशोधन गर्नुपर्ने छ।

हाम्रो जस्तो बहुभाषिक, बहुसांस्कृतिक, बहुभाषिक विविधता भएको मुलुकमा यी सबैको साझेदारी र प्रतिनिधित्व बिनाको राजनीतिक प्रणालीले यो मुलुकको भविष्य छैन। यी सबैको समावेशीता, पहिचान, भाषा संस्कृतिको मान्यता सहितको लोकतन्त्र नै समावेशी लोकतन्त्र हो। यो लोकतन्त्र अधिकारको रूपमा पनि समावेशी हुने, अल्पसंख्यक समुदायहरूको अधिकारलाई कसरी सम्बोधन गर्ने भन्ने विषयहरू अहिलेको संविधानमा सम्बोधन हुन सकेको छैन। विभेदसहितको समाजवाद सम्भव छैन। विभेद र असमानतालाई बोकेर लोकतन्त्रको कुनै भविष्य हुँदैन। त्यसैले अहिले हामीले ल्याएको एक खालको राजनीतिक लोकतन्त्र हो, संघीयता तर्फ डोऱ्याएको प्रणाली हो तर सामाजिक लोकतन्त्र बिना राजनीतिक लोकतन्त्रको कुनै अर्थ छैन। लोकतन्त्रको सामाजिक स्वरूप र लोकतन्त्रको आर्थिक न्यायसँग जोडिनुपर्छ। आज नेपालमा प्रत्येक विपन्न वर्गले राज्यको अनुभूति गर्न सकेको छैन। जसको कोही पनि छैन त्योसँग राज्य हुनुपर्दछ र त्यसलाई हामी सामाजिक न्यायको रूपमा व्याख्या गर्दछौं।

ऐतिहासिक हुलाकी राजमार्गलाई गोरेटो बाटोमा परिवर्तन गरी मधेशको सम्पूर्ण बस्तीलाई जंगलीको बस्ती बनाउने पहिलो प्रयास सफल भएपछि मधेशको आर्थिक केन्द्रका शहरहरु बिराटनगर, राजविराज, जनकपुर, वीरगंज, भैरहवा, जलेश्वर, मलंगवा जस्ता शहरहरु बिस्थापित भए। यी शहरहरु खाली भन्सारको कारणले आफ्नो अस्तित्व बचाउन पाएका छन्। यी सहरहरुमा खोलिएका शैक्षिक संस्था, व्यापारिक उद्योग, पर्यटनका लागि बनाइएका भैतिक संरचना तथा सांस्कृतिक सम्पदाहरु दिन प्रतिदिन जीर्ण हुँदै गएका छन्।

मधेशीको हक अधिकार सुनिश्चित गर्नका लागि विगतका दिनहरुमा चार पटक मधेश जनविद्रोह भए तर नेपाली विस्तारलाई रोक्न सकिएन। बरु पहिलाभन्दा झन्-झन् बढ्दै गएको तथ्यांकले देखाएको छ। यी सबैको कारण एउटै हो कि मधेश अझै पनि अचेत अवस्थामै छ। सदियौंदेखि शोषण गर्दै आएको राजनीतिक पार्टीलाई नै अहिले पनि समर्थन गर्नु नै अचेतता अवस्थाको ठूलो प्रमाण हो। त्यसैगरी बारम्बार जनतालाई सडकमा ल्याएर आफ्नो स्वार्थ तथा विदेशी शक्तिको ईशारामा मधेशी विरुद्धको सम्झौता गर्ने व्यक्तिलाई अझैसम्म जनताले सामूहिक कारवाही गर्न सकेका छैनन्।

अब मधेशी जनतालाई सचेतमा ल्याउनका लागि पार्टी विस्तार गर्नुभन्दा मधेशसँग सम्बन्धित कागजपत्र संकलन गरी जनताको सामु प्रस्तुत गर्नु, सबै जनाले आफ्नो क्षेत्रबाट सकेजतिको अनुसन्धान गरेर सम्पूर्ण मधेशी सामु प्रस्तुत गर्नु, मिडियाले मधेश सम्बन्धि रिसर्च पेपरलाई बिशेष स्थान दिनुपर्छ। मधेशसँग सम्बन्धित विभिन्न संगठनहरुले आउँदो पुस्तालाई मधेशको सत्य तथ्य सम्झाउनु हाम्रो भावीपुस्तालाई सहि राजनीतिक बाटो देखाउने कार्य गरेपछि मधेशीलाई सचेत अवस्थामा ल्याउन सकिन्छ।

# भ्रष्टाचारविरुद्ध देश बचाऊ आन्दोलनमा होमिएका युवापुस्ता



सरोज मिश्रा

“ जेनजी (युवापुस्ता)ले गरेको प्रथम चरणको विद्रोह प्रदर्शन पश्चात् युवा नेता मानिएका कांग्रेसका गगन थापा र एमालेका योगेश भट्टराईले भिडियो सन्देशमार्फत आफ्ना तर्कहरू अघि सारे । तर, ती तर्कहरू महाभारतकालीन पात्र शिशुपालको प्रलापजस्तो लाग्यो । एकपछि अर्को गल्ती जतिपटक गरे पनि जनताबाट क्षमा पाइन्छ भन्ने भाव उनीहरूको भनाइमा प्रष्ट सुनियो ।

कृषिप्रधान देश नेपालको आर्थिक प्रणाली (बजेट) भने मुख्यत: विप्रेषण (रेमिट्यान्स) र वैदेशिक ऋणमा आधारित छ। यो विडम्बनायुक्त परिस्थिति आइलाग्नुको कारक नेपाली शासकहरूको परनिर्भर र भ्रष्ट मानसिकता एवं आचरण नै हो। मिटर-ब्याजी, बैंक, सहकारी तथा लघुवित्त संस्थाहरूले ऋण सहयोग र वैदेशिक रोजगारीको नाममा म्यानपावर कम्पनीहरूबाट दिउँसै जनता लुटिएका छन्। यसलाई नियन्त्रण गर्न सरकार र संसद् असफल भएका छन्। तलदेखि माथिसम्म भ्रष्टाचार र कमिसनको खेल चलिरहेको छ।

कानुन बनाउने दायित्व पाएका प्राय: सांसदहरू संसद् बैठक चलिरहेको बेला अनुपस्थित हुन्छन्। आएकाहरू पनि बैठक-भत्ता सुनिश्चित (हाजिर) गरेर संसद् शून्य पार्दै बाहिरिन्छन्। प्राय: सांसदहरूको ध्यान विभिन्न मन्त्रालयमा कुन योजना कसरी आउँछ र त्यसमा कमिसन कति हुन्छ, अरू के काम गर्दा पैसा झर्छ भन्नेतिर केन्द्रित हुने गरेको पाइन्छ। निर्वाचित जनप्रतिनिधिको यस्तो अनपेक्षित गतिविधिले नै हाम्रो देशमा सुशासन र समृद्धिको अवस्था कमजोर बनाएको हो।

मधेशको माटोका सिके राउत सुरुदेखि नै बाटो बिराउँदै संसदीय राजनीतिमा प्रवेश गरेका मान्छे हुन्। तथापि जब उनी जननिर्वाचित भए मधेशका मुद्दाले संसद्मा प्राथमिकता पाउलान् भन्ने ठानिएको थियो। तर संसद्मा उनको उपस्थिति र प्रस्तुति पनि जनअपेक्षित हुन सकेन। उल्टै क्रान्तिकारी विचारहरूबाट ओरालो झर्दै सत्ता राजनीतिको परम्परागत दलदलमा भासिन पुगे। राउतले परिवर्तन ल्याउन भन्दै रोज्जा मन्त्रालय पाउने दौडमा भ्रष्टाचारयुक्त, दुर्गन्धपूर्ण बाटो रोजेको उनकै समर्थकहरू भनिराखेका छन्।

उनले के बुझ्नुपर्छ भने बन्दुक बोकेर १० वर्षे जनयुद्ध गरेर अन्तर्राष्ट्रिय जगतसमेत थर्काइसकेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड तीनपल्ट प्रधानमन्त्री भएर पनि देशमा अपेक्षित परिवर्तन ल्याउन सकेनन् भने एउटा नाथे मन्त्री लिएर देशमा परिवर्तन ल्याउन सकिन्छ ? यो दुनियाँलाई बेकुफ बनाउने र चुनाव खर्च उठाउने मेलो भएको जनताले बुझेका छन्। देश यही पाराले समृद्धितर्फ जान सक्तैन। सुशासन र समृद्धि शब्द नेताहरूले जनता ठग्ने मेलो मात्र भएको छ। विकास-निर्माणका कामहरूमा एउटै त्यस्तो योजना भेटिँदैन, जहाँ ४० प्रतिशतभन्दा तल भ्रष्टाचार भएको नहोस्। घुस, भ्रष्टाचार, अनियमितता र बेरुजुको जालोमा नपरेको सरकारी कार्यालय, संस्थानहरू कुनै छैनन्।

दुई दशकअघि एक जना मेरा परिचित व्यक्ति पूर्वी-पहाडको खाद्य संस्थान कार्यालयमा सुब्बा पदमा नियुक्त भए। उनले जनतालाई दिने राम्रो स्तरको सरकारी चामल व्यापारीलाई बेचे। सट्टामा गोदाममा कुहिएको चामल राखेर लगभग १० लाख रुपैयाँ भ्रष्टाचार गरे। जागिर खाएको २ वर्ष नबित्दै पदबाट राजीनामा दिए। भ्रष्टाचार गरी कमाएको त्यो पैसाले मधेशमा निर्माण-व्यवसायको काम सुरु गरे। २० वर्षभित्र उनी अर्बपति होइन, खर्बपति बने। यी मान्छेले यसरी लुट्ने वातावरण बनाउन क-कसलाई कति कमिसन बाँडे ? कुन गुणस्तरको काम गरे ? सहज अनुमान लगाउन सकिन्छ। यस्ता निर्माण व्यवसायीहरू देशमा कति छन् ? के नेताहरूले भन्ने गरेको समृद्धिको मार्गमा लम्किने तरिका यही हो ?

कोरोना महामारीका बेला सीमान्तकृत मजदुरहरू विशेष रूपमा प्रभावित भए। भोकमरीको अवस्था आयो। खानेकुरा किन्न, औषधि-उपचार गर्नसमेत पैसाको अभाव देखेपछि मैले लेखमार्फत सरकारको ध्यानाकर्षण गराएँ। सांसद विकास कोषको बजेट कटौती गरेर भए पनि गरिब, किसान, मजदुरलाई राहत उपलब्ध गराउनुपऱ्यो, खाना र औषधि-उपचारका लागि आर्थिक सहयोग गरेर जनता बचाउनुपऱ्यो भन्ने सुझाव दिएँ। जबकि सांसद विकास कोष भनेको नेता र कार्यकर्ता मिलीजुली बाँडेर खाने बजेट हो।

त्यसबेला युवराज खतिवडा अर्थमन्त्री थिए। उनले सांसद विकास कोषको रकम कटौती गरेर कोरोना र संकटकालपीडित जनतामा खर्च गराउने प्रयास गरे। विडम्बना मधेशी दलाल भ्रष्ट सांसदहरूका तर्फबाट अगुवाई गर्दै पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले सांसद विकास कोषको बजेट कटौतीको विरोध गरे। कांग्रेस, माओवादीका नेताहरू यो कुरामा मौन भए। एमालेका नेताहरूले पनि यो कुरालाई महत्व दिएनन्। परिणामस्वरूप अर्थमन्त्री एक्लै परे। विपत्मा जनतालाई राहत दिने प्रस्ताव असफल भयो। विडम्बना आफूहरूको सुविधा, सुरक्षा, स्वास्थ्य उपचार र विदेश सयरका कुरामा भने यिनै दल र नेताहरू एकमत हुन्छन्।

जेनजी (युवापुस्ता)ले गरेको प्रथम चरणको विद्रोह प्रदर्शन (आन्दोलन)पश्चात् युवा नेता मानिएका कांग्रेसका गगन थापा र एमालेका योगेश भट्टराईले भिडियो सन्देशमार्फत आफ्ना तर्कहरू अघि सारे। तर ती तर्कहरू महाभारतकालीन पात्र शिशुपालको प्रलापजस्तो लाग्यो। एकपछि अर्को गल्ती जतिपटक गरे पनि जनताबाट क्षमा पाइन्छ भन्ने भाव उनीहरूको भनाइमा प्रष्ट सुनियो। उनीहरू भ्रष्टाचारविरुद्ध रणमैदानमा उत्रिएका जेनजी युवालाई रणनीतिक घेराबन्दी गरेर ‘अभिमन्यु’ बनाउने सोचमा रहेको जस्तो लाग्यो। स्मरण रहोस् सत्य र धर्मका पक्षमा लडिएको महाभारत युद्धमा बलशाली पात्र अभिमन्युलाई छलले चक्रब्यूहमा पारेर मारिएको थियो।

कुनै पनि दलमा तलदेखि माथिसम्म नेता-कार्यकर्ताको जुन पथभ्रष्ट चरित्र छ, त्यो देशको हितअनुकूल र जनमुखी छैन। यसलाई नसुधारी रूपान्तरणको कुनै अर्थ छैन। आफूहरू पद र शक्तिमा हुँदा मदन भण्डारी र जीवराज आश्रितको हत्यारा खोज्न, सार्वजनिक गर्न नसक्नेले कति दिन तिनै नेताको नाम बेचेर खाने ? एउटा भीम रावलको प्रश्नको जबाफ दिन नसक्नेले आफूले जनताका लागि राजनीति गरेको भनेर धाक लगाउन सुहाउँदैन। जिल्ला-जिल्लामा ‘शाही भ्रमण कार्यक्रम’हरूको खर्चको स्रोत के हो ? भनी अमरेशनारायण सिंहले उठाएको प्रश्नमा गगन थापा किन नाजबाफ ?

तत्कालीन राजा ज्ञानेन्द्रद्वारा दुई पटक ‘अक्षम’ घोषित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा वास्तवमै पदलोलुप, देश र जनताका लागि केही गर्न नसक्ने असफल नेता हुन्। एमालेजनका ‘बा’ केपी ओली उखान-टुक्काको भरमा देश हाँक्न खोज्ने, बालहठी स्वभाव भएका, निजी स्वार्थका लागि जे पनि बोल्ने व्यक्ति हुन्। सर्वसाधारण जनताका नजरमा उनी एक गफाडीभन्दा बढी होइनन्। उनले दिनलाई रात भने सबै कार्यकर्ताले दिनलाई रात भन्नुपर्ने हुन्छ। नभन्ने, प्रतिवाद गर्नेहरू तुरुन्तै कोपभाजनमा पर्छन्।

हाल माओवाद विसर्जन पथतिर लागेका पुष्पकमल दाहाल ‘प्रचण्ड’ले कट्टर माओवादी हुँदा प्रकट जनभावना सत्ता राजनीतिसँग साटे। कांग्रेस, एमालेले सत्तामा गएर बिगारे, अब आमूल परिवर्तनको विकल्प माओवादी हुनुपर्छ भनी जनताले राम्रै आशा गरेका थिए। ठुलो पार्टी बनाएर संसद्मा पठाए। अफसोच जनताको विश्वासमा माओवादी नेताहरूबाट कुठाराघात भयो। विशेषगरी, प्रचण्डले वचनअनुसारको कर्म देखाउन सकेनन्, जनअपेक्षाविपरीत सत्ता-स्वार्थमा लागे। माओवादीले सत्ताको अवसर पाउँदा साँच्चै निष्ठाको राजनीति गरेको हुन्थ्यो भने आज देश कोल्टे फेरेर प्रगति-पथमा निकै अगाडि पुग्ने थियो। विडम्बना आलोचकहरू पाखा लगाएर प्रचण्ड-पथमा हिँडाउन खोज्दा देश २० वर्षमा धेरै पछि पऱ्यो।

गैरसैद्धान्तिक, नैतिक पतनको भासमा परेका, अवसरवादी, दलाल चरित्रका, तथाकथित राजावादीहरूको विषय यतिबेला चर्चालायक छैन। दुर्गा प्रसाईं, राजेन्द्र लिङ्देन, कमल थापा, नवराज सुवेदीहरू राजा नामको आवरणमा राजनीतिक स्वार्थको रोटी सेक्ने मात्र हुन्। कुनै दिन वास्तविक राजावादीहरू सतहमा देखिए जनमत त्यता आकर्षित हुनसक्छ। त्यो बेला अहिले गणतन्त्रको आवरणमा आलोपालो सत्ता दोहन र सेटिङ मिलाएर भ्रष्टाचार गरिरहेका कथित नेताहरूको बास जेलमा हुने निश्चित छ।

देख्दा २-२ पटक निर्वाचन र अर्बौं रुपैयाँ खर्च गरी, भन्दा संविधानसभाबाट बनाएको भनिए पनि सारमा विदेशी-शक्तिको योजना र इच्छाअनुसार जारी नेपालको संविधान (२०७२) का धेरै धाराहरू देश र जनताको हितमा छैनन्। मधेशी समुदायलाई स्वीकार्य पनि छैन। मुख्य सरोकारवाला दलहरूले यसलाई अस्वीकारको अधिकार, प्रत्याह्वानको अधिकार, वर्गीय आरक्षणसहित सर्वस्वीकार्य बनाउन कुनै ठोस राजनीतिक

बाँकी पृष्ठ ३ मा

# मधेशको राजनीति लोकतान्त्रिक विधि र प्रक्रियाबाटै अगाडि बढ्छ

मधेशको राजनीति लोकतान्त्रिक विधि र प्रक्रियाबाटै अगाडि बढ्छ। हामी यही संविधान अन्तर्गत रहेर आफ्ना अधिकारका लागि लड्छौँ। यस्ता घटनाले क्षणिक रूपमा प्रणालीलाई कमजोर बनाउन खोजे पनि हामी यसलाई सही बाटोमा ल्याउन संघर्ष गर्छौं।



**उपेन्द्र यादव**
**अध्यक्ष, जनता समाजवादी पार्टी नेपाल**

**० मधेश प्रदेशमा मध्यरातमा भएको पछिल्लो राजनीतिक घटनाक्रमलाई तपाईंले कसरी हेर्नुभएको छ ?**

– यो अत्यन्तै हाँस्यास्पद र दुर्भाग्यपूर्ण घटना हो। मध्यरातमा मुख्यमन्त्री नियुक्ति गर्ने, शपथ गराउने ! त्यो पनि प्रदेशको राजधानी जनकपुर छोडेर, जहाँ प्रदेश प्रमुखको कार्यालय र निवास छ, त्यो सबै छोडेर बर्दिबासको एउटा बारमा गएर यो सबै गर्नुले के संकेत गर्छ ? योभन्दा हाँस्यास्पद कुरा के हुन सक्छ ? संसारमा कहीँ नभएको जात्रा मधेशमा देखाइयो। यो लोकतन्त्र र गणतन्त्रकै उपहास हो।

**० यो घटना हुनुमा तपाईं कसलाई जिम्मेवार देख्नुहुन्छ ?**

– यसमा नेकपा एमाले पूर्ण रूपमा जिम्मेवार छ। अहिले देश बर्बाद हुनुको पछाडि नेकपा एमालेको यही हर्कत जिम्मेवार छ। उहाँहरूले अझै पनि चेतेको देखिँदैन। हामीले त अब त चेत्नुभयो होला भन्ने सोचेका थियौँ, तर उहाँहरू कहिल्यै नसुध्रिने देखियो। यो सम्पूर्ण घटनाको मुख्य योजनाकार र जिम्मेवार नेकपा एमाले नै हो।

**० अब तपाईंहरूको पार्टीले के गर्छ ? तपाईंहरूको आगामी कदम के हुन्छ ?**

– हामी यो अलोकतान्त्रिक कदमको विरुद्धमा उभिन्छौँ। हाम्रो पार्टी राजनीतिक, कानुनी र संसदीय संघर्षको बाटोबाट अगाडि बढ्छ। हामी जनतालाई साथमा लिएर यो गलत प्रवृत्तिको भण्डाफोर गर्छौं। जे हुनुपर्ने हो, त्यो पारदर्शी ढंगले हुनुपर्थ्यो, तर जुन चोर बाटोबाट काम गरियो, त्यो हामीलाई स्विकार्य छैन।

**० त्यसो भए एमालेबाहेकका अन्य दलहरूसँग मिलेर नयाँ सरकार बनाउने वा गठबन्धन गर्ने कुनै सम्भावना छ ? छलफल अगाडि बढेको हो ?**

– निश्चित रूपमा। यो असंवैधानिक र अराजनीतिक कार्य हो भन्नेमा सबै दलहरूबिच छलफल हुनु जरुरी छ। हामी यो विषयमा अन्य दलहरूसँग छलफल गरिरहेका छौँ। एमालेबाहेकको सरकार बन्न असम्भव छैन। यसतर्फ हाम्रो प्रयास र छलफल अगाडि बढिसकेको छ।

**० यसमा प्रदेश प्रमुखको भूमिकालाई लिएर पनि प्रश्न उठेको छ। उहाँले राजीनामा दिनुपर्छ भन्ने पनि आएको छ। यसबारेमा तपाईंहरूको धारणा के हो ?**

– प्रदेश प्रमुखले राजीनामा दिनेमात्र होइन, उहाँलाई त बर्खास्त गर्नुपर्छ। अहिलेको संघीय सरकारले उहाँलाई तुरुन्त बर्खास्त गर्नुपर्छ। संवैधानिक पदमा बसेको व्यक्तिले यस्तो गैरजिम्मेवार र अमर्यादित काम गर्न सुहाउँदैन।

**० तर संवैधानिक रूपमा त प्रदेश प्रमुखलाई मुख्यमन्त्री नियुक्त गर्ने अधिकार छ नि, होइन र ?**

– अधिकार छ भनेर चोर बाटो समात्ने ? अधिकारको प्रयोग त दिनदहाडै गर्नुपर्छ नि ! के यो दिउँसै बाजा बजाएर गर्न सकिँदैनथ्यो ? प्रदेशको राजधानीमा आफ्नै कार्यालयमा गर्न सकिँदैनथ्यो ? राति, होटेलको बारमा लुकेरछिपेर गर्नुले नै उहाँहरूको नियत र प्रक्रिया गलत थियो भन्ने स्पष्ट पार्छ।

**० यो घटनाक्रमले संघीयताको अभ्यास र मधेशको भविष्यमाथि नै प्रश्न उठाएको छ। अब मधेशको राजनीति कसरी अगाडि बढ्छ ?**

– मधेशको राजनीति लोकतान्त्रिक विधि र प्रक्रियाबाटै अगाडि बढ्छ। हामी यही संविधान अन्तर्गत रहेर आफ्ना अधिकारका लागि लड्छौँ। यस्ता घटनाले क्षणिक रूपमा प्रणालीलाई कमजोर बनाउन खोजे पनि हामी यसलाई सही बाटोमा ल्याउन संघर्ष गर्छौं।

**० अबको मुख्य प्राथमिकता के हो ? मुख्यमन्त्री को बन्छ ? तपाईंहरूको पार्टीबाहेक अरू कसैलाई मुख्यमन्त्री बनाउन पनि तपाईंहरू सहमत हुनुहुन्छ ?**

– मुख्यमन्त्री को बन्छ भन्ने कुरा गौण हो। त्यो पछिको कुरा भयो। अहिलेको मुख्य विषय भनेको विधि, प्रक्रिया र संवैधानिक प्रश्न हो। जुन असंवैधानिक र अलोकतान्त्रिक काम भएको छ, पहिले त्यसलाई सच्याउनुपर्छ। हाम्रो लडाइँ पदका लागि होइन, पद्धतिका लागि हो।

-रातोपाटीबाट

## भ्रष्टाचारविरुद्ध...

कार्यनीति अघि ल्याउन सकेका पनि छैनन्।

नेपाली जनताले इतिहासदेखि आजसम्म यो तन्त्र, त्यो तन्त्र भन्दै विभिन्न तन्त्रलाई विकल्प ठान्दै सत्ता हस्तान्तरण गरे पनि इमानको कसौटीमा नेताहरू खरो उत्रिन सकेका छैनन्। देश बचाउन जनताले सत्ताको डोरी अब आफ्नो हातमा लिनुको विकल्प छैन।

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र संसद्लाई विधायकी भूमिकामा अगाडि नलाएसम्म देशले काँचुली फेर्छ भनी सोच्नु एउटा कोरा कल्पना मात्र हुनेछ। वर्तमान लोकतान्त्रिक, गणतान्त्रिक आदि उपनाम दिइएको संविधान व्यवहारमा जनमुखी छैन।

राजनीतिक दल मुट्ठीभरका स्वार्थी व्यक्तिको सिन्डिकेटमुखी बनाइएका छन्, जसलाई माफियाहरूले सञ्चालन गरिरहेका छन्। नेताहरू देश र जनताप्रति इमानदार, जबाफदेही छैनन्। आफू र आफ्ना झोलेहरूको रोटी सेक्ने भाँडोका रूपमा संविधान-कानुनको दुरुपयोग भएको धेरै भइसक्यो।

यद्यपि जेनजी आवरणमा भएको ‘देश बचाऊ आन्दोलन २०८२’ले वर्तमान संविधानको हालसम्म रक्षा गरेको छ। तर यथास्थितिमा यो संविधान धेरै दिन जान सक्दैन। कथित ठुला दलका नेताहरूको व्यवहारले यसका जुइँना, डोरी सबै खुस्किइसकेको छ। प्रमुख राजनीतिक दलहरूबाट नै गणतन्त्रको धज्जी उडाएर सैद्धान्तिक रूपमा कमजोर पारिएको छ। तथापि नेताहरू गणतन्त्र बचाउने कुरा गरेर जनतालाई पुनः बेकुफ बनाउन लागिपरेका छन्। सिद्धान्ततः संविधान राजनीतिक दलहरूले बनाएका हुन् भने गणतन्त्र जनादेशबाट जनताले स्थापित गरेको हो। यसमा छेडछाड गर्न जनताकै आदेश चाहिन्छ। देशमा सत्ता परिवर्तनका लागि धेरै क्रान्तिहरू भए तर देश बचाउने अपरिहार्य पाइला आर्थिक क्रान्ति हो। यसका लागि वातावरण बनाउनु, जनजागरण फैलाउनु इमानदार राजनीतिकर्मीहरूको प्रमुख दायित्व हो।

वर्षौंदेखि दलनमा परेका, अवसरबाट वञ्चित गरिएका जनताको अधिकारको मुद्दा यतिबेला ओझेलमा पारिएको छ। तर यो अधिकारका कुरा गर्ने भन्दा पनि देश बचाउने बेला हो। मातृभूमिको रक्षा जनताको पहिलो दायित्व हो। देश बचे अधिकार खोजौँला। कसैको पनि विनाशकाले विपरीत बुद्धि नहोस्। भ्रष्टाचारले थङ्थिलो भएको मुलुकले थप मानवीय र भौतिक क्षति बेहोर्न सक्दैन। चाहे जुनसुकै कारणले होस्, गृहयुद्धको स्थिति बनेमा शान्ति स्थापनाको बहाना गर्दै अमेरिका, भारत र चीनका सेनाको परेड खेल्ने मैदान बन्नेछ नेपाल, यसतर्फ मातृभूमिका सच्चा रक्षकहरू समयमै सचेत हुनु जरुरी छ।

२०८२ फागुन २१ मा प्रतिनिधिसभा निर्वाचन हुने एकोहोरो रट लगाइरहेको वर्तमान अन्तरिम सरकारले भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण नगरी निर्वाचन गराउनु हुँदैन। युवापुस्ताको मागअनुसार प्रत्यक्ष निर्वाचित कार्यकारीको प्रत्याभूतिविना पुरानै शैलीको निर्वाचन गर्नु आत्मघाती कदम हुनेछ। यथास्थितिले देश अर्को ठुलो दुर्घटनामा जाने प्रबल सम्भावना नकार्न सकिँदैन। यथास्थितिमा गराइएको निर्वाचनमा भ्रष्टाचारीहरूको सम्पत्ति दुरूपयोग हुनेछ। संसद्मा उही बेइमान नेताहरूको जमघट र सत्तामा पूर्ववतः म्युजिकल चेयरको खेल हुनेछ।

त्यसो भए जेनजी आन्दोलन २०८२ को औचित्य के हो ? संसद् विघटनको औचित्य के हो ? यस प्रश्नको समुचित जबाफ जनताले नपाउने हो भने राष्ट्र असफल हुने मात्र होइन, देश नै विघटनतर्फ जाने सम्भावनालाई नकार्न सकिँदैन। सरकारले विद्यमान राजनीतिक बाधा अड्काउ फुकाउन संविधानको धारा ३०५ बमोजिम अध्यादेशमार्फत संकटकाल लगाई जेनजीका मागहरू सम्बोधन हुने कानुन बनाई समयानुकूल निर्वाचन हुने मार्ग प्रशस्त गर्नुपर्छ। अन्यथा देश अर्को अनपेक्षित द्वन्द्वको भुमरीमा फस्ने निश्चित छ।

जेनजी अन्दोलन केबल २०८४ सालमा हुने चुनाव २०८२ सालमा गराउनका लागि भएको होइन। सत्ता र सोच परिवर्तनका लागि हो। भ्रष्टाचारमा लिप्त देश बचाउनका लागि हो। चुनावभन्दा देश महत्वपूर्ण हो। सरकारको ध्यान देशको लुटिएको सम्पत्ति राज्यकोषमा दाखिला गराउनेमा केन्द्रित हुनुपर्छ। यो जिम्मेवारी वहन गर्न सरकारलाई समय दिनुपर्छ। देशमा २ वर्ष चुनाव भएन भने केही हुँदैन। यदि सरकारले २०८२ फागनुमै चुनाव गराउने हो भने पुसभित्र भ्रष्टाचारीहरूको धन राष्ट्रियकरण गर्न सक्नुपर्छ, अन्यथा घोषित चुनाव यसअघि तत्कालीन राजाले घोषणा गरेको चुनावसरह औचित्यहीन हुनेछ।

भ्रष्टाचारविरुद्ध देश बचाऊ आन्दोलनमा होमिएका युवापुस्ताको बलिदानी र त्यसबाट सिर्जित उज्यालोको आशा खेर नजाओस्। देश बचाऊ आन्दोलनविरुद्ध हुने कुनै पनि षड्यन्त्रलाई पराजित गर्दै अगाडि बढ्ने साहस प्राप्त होस्। देश बचाउन सबैको मत एकमत होस्।

# सरकारलाई प्रभु साहको सुझाव : स्टन्ट होइन सही स्टेप चाल

पोखरा । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले भदौ २३ गतेको जेनजी आन्दोलनमा युवाहरुमाथि गोली बर्साएर हत्या गर्ने हत्याराहरूलाई अहिलेसम्म कारबाही नगरिएको भन्दै गृहमन्त्री ओमप्रकाश अर्यालको राजीनामा मागेका छन् । गृहमन्त्री अर्यालको कार्यक्षमतामाथि प्रश्न उठाउँदै साहले जिम्मेवारी पूरा नगर्ने हो भने मार्गप्रस्त गर्नुपर्ने बताएका हुन् ।



बुधवार पोखरामा आयोजित पार्टीको गण्डकी प्रदेशको विस्तारित बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले एक साताभित्र जेनजी आन्दोलनमा दमन गर्नेहरु र युवाहरुको हत्यामा संलग्न अपराधीलाई कारबाही नगरे काठमाडौंबाहिर निस्किन नदिने चेतावनी दिएका हुन् । उनले भने,'जेन-जी हत्याराहरूलाई एक साताभित्र बयान नलिए र कारबाही नगरे गृहमन्त्रीलाई काठमाडौंबाट बाहिर निस्कन दिनुहुँदैन् । यी लुते गृहमन्त्रीले देशका लुतोहरु फाल्ने नसक्ने देखियो । अहिलेका गृहमन्त्रीको कारण देशमा शान्ति, सुरक्षा र अमनचयन हुने सम्भावना देखिएन ।'

साहले तत्कालिन प्रधानमन्त्री केपी ओली र तत्कालिन गृहमन्त्री रमेश लेखकलाई बयान लिन ढिलाई गर्नुको कारण के हो ? भनेर पनि गृहमन्त्रीलाई सोधेको छन् । उनले जेनजी हत्यारालाई बयानसम्म लिन नसक्ने यो सरकारले फागुनमा चुनाव गराउँछ भनेर कसरी पत्याउने भनेर आशंका व्यक्त गरेका छन् । उनले भने,'देशका कलिला युवाहरुलाई ताकि ताकि हत्या गर्नेहरु नै अहिले मुन्टो उठाउन थाले, गुण्डाहरुको बलमा बाईक र्याली निकाल्ने थाले । अब जेनजी शहिद परिवारले यो दृश्य कसरी सहन्छन् ?' जेन-जी आन्दोलनको दमन र हत्याबारे जाँचुबझ गर्न बनेको आयोगका पदाधिकारीको क्षमतामाथि पनि उनले प्रश्न उठाएका छन् । माथिबाट बयान लिएर जानुपर्नेमा जाँचबुझ आयोगका पदाधिकारी जिल्ला भ्रमण र अवलोकनमा लागेको भन्दै उनले आक्रोश पोखे ।

साहले जेनजी आन्दोलनमा मृत्युवरण गर्न बाध्य युवाहरुको परिवारका सदस्यहरुलाई रोजगारीको ग्यारेन्टी गरिनुपर्ने माग गरे । उनले भने,'उनीहरुको परिवारको अवस्था अहिलेपनि नाजुक छ । दयनीय छ । म सरकारलाई र खासगरी मिडियावाजी गर्ने मन्त्रीहरुलाई भन्न चाहन्छु-एक/दुई दिन अस्पतालमा पुगेर घाईते भेटेको तस्विर हालेर मात्रै हुन्छ ? स्टन्ट होईन, स्टेप चाल्नुहोस । म्यानिपुलेशन होईन, म्याण्डेट पूरा गर्नेतर्फ सोच ।'

मन्त्री बनेको दुई महिना नबित्दै देवत्वकरण गरिएको र सामाजिक सञ्जालले हिरो बनाएका कुलमान घिसिङहरुको अनुहारमा भ्रष्टाचारको दाग पोतिन थालेको भन्दै आफूमाथि लागेको आरोपको जवाफ दिन पनि उनले माग गरे । उनले भने,'मिडियामा कुलमानजीको बारेमा प्रशस्त कुरा आएका छन्, भारतसँग विद्युत खरिद सम्झौतामा प्रश्न उठाईएको छ । यसको जवाफ दिनुपर्छ ।'

उनले कुलमानले गैरदलीय सरकारमा बसेर दल खोल्ने गृहकार्य गरेकोमा पनि प्रश्न उठाए । उनले भने,'यो सरकारको म्याण्डेट के हो ? दल खोल्नको लागि शक्तिमा पुग्नुभएको हो र कुलमानजी ? म त भन्छु तपाईं (कुलमान) जेनजी आन्दोलनको असली हाईज्याकर हो ।' उनले विकास निर्माणसँग प्रत्यक्ष जोडिएका तीन वटा राम्रा मन्त्रालय पोको पारेर जेनजीहरुको भावना कुलमानले कुच्लिएको आरोप लगाए ।

उनले भने,'२१ फागुनअघि नै राजीनामा दिएर राजनीति गरे भने कुलमानलाई जनकारबाही गर्नुपर्छ । कुलमानको खोक्रो लोकप्रियताको छवि नाङ्गो भैसक्यो । कुलमान आँफैमा थोत्रो गाडी हुन्, यिनले देशलाई गन्तव्यमा पुर्याउन सक्दैनन् । अर्थमन्त्रीमाथि पनि मिडियाले प्रश्न उठाएका छन् । दोहोरो करको विषयमा, तपाईले पनि जवाफ दिनुपर्छ ।' उनले प्रधानमन्त्री सुशीलाले कस्तालाई मन्त्री बनाईछन् भनेर जनस्तरबाट प्रश्न उठन् थालेको भन्दै दुई महिना नबित्दै काण्डमा मुछि हालेको भन्दै कुलमान र रामेश्वर खनालले अब आफूमाथि लागेको आरोपबारे बोल्नुपर्ने बताए ।

उनले सिंगो एमाले पँक्तिलाई चुनावी वातावरण बिथोल्ने अध्यक्ष केपी ओलीको कदमलाई साथ नदिन अपिल गरेका छन् । ओलीले आफूमाथि लागेको जेनजी हत्याको कलंकबाट जोगिनको लागि दिनदिन नाटकमञ्चन गरेको र चुनाव बिथोल्ने प्रयत्न गरेको भन्दै यसमा साथ नदिन देशभक्त नेता तथा कार्यकर्तालाई साहको सुझाव छ ।

उनले भने,'केपी ओली चुनाव चाहँदैनन्, अहिले दिनहुँ गुण्डुबाट देशलाई हिंसामा लानेगरि धम्काईरहेका छन् । एमालेका सच्चा देशभक्त नेता तथा कार्यकर्ता अहिले ओलीको हकर्त देखेर अचम्मित हुनुभएको छ । केपी ओलीले नराम्रो र खराब केही पनि बिर्सिएनन्, राम्रो अनि नयाँ केही पनि सिकेनन् । जेन-जी आन्दोलनमा आर्मीले रेस्क्यु गरेर ज्यान बचाएका ओलीहरुकै धम्कीपूर्ण बोली सुन्नुपर्दा नेपाली जनताको पारो तातेको छ ।' साहले एमाले संघीयता मास्न उद्धत देखिएको भन्दै हालैको मधेश प्रदेशको मुख्यमन्त्री नियुक्ती र डान्स बारमा शपथ खुवाईएको दृश्य स्मरण गराएका छन् ।

# मटिहानीको श्री राम मा.वि.मा नयाँ भवन उद्घाटन



मो. इसराफिल राइन, महोत्तरी । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत श्री राम माध्यमिक विद्यालय मटिहानीमा निर्माण सम्पन्न ४ कोठे पक्की भवनको एक कार्यक्रमका बीच मटिहानी नगर प्रमुख हरि प्रसाद मण्डलले उद्घाटन गरेका छन् ।

उक्त भवन निर्माणमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट रु. ४५ लाख तथा मधेश प्रदेश सरकारको विशेष अनुदानबाट रु. १८ लाख गरी जम्मा रु. ६३ लाख खर्च भएको प्राविधिक दिनेश साहले जानकारी दिएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख मण्डलले भने, "शिक्षा क्षेत्रको गुणस्तर सुधार नगरी भविष्यको आधार मजबुत हुँदैन। आधारभूत संरचना निर्माणसँगै सिकाइमा सुधार, विद्यार्थीमैत्री वातावरण र विद्यालयको समग्र विकासमा नगरपालिका प्रतिबद्ध छ। यस्तो भवन निर्माणले विद्यार्थीको सिकाइ सहज बनाउने विश्वास लिएको छु। नगरले जहाँ आवश्यक हुन्छ त्यहाँ शिक्षा पूर्वाधारमा अझ लगानी गर्दै जानेछ।"

उद्घाटन कार्यक्रममा जिल्ला समन्वय समिति महोत्तरीका सदस्य राम लखन पंजियार, मटिहानी नगरपालिका वडा नं. ६, ७ र ८ का वडा अध्यक्ष क्रमशः कलीम अंसारी, जितनारायण माझी र रितेश साह, कार्यपालिका सदस्यहरू, वडा नं. ८ का पूर्व वडा अध्यक्ष गणेश प्रसाद साह, लोसपा नेपालका श्याम कुमार मंडल, नेपाली कांग्रेसका बैजनाथ मंडल, ने.क.पा. एमालेका जुगेश्वर खतवे, ने.क.पा. माओवादीका राजकिशोर मंडल, समाजसेवी उमाशंकर साह, महोत्तरी उद्योग वाणिज्य संघका नि.अध्यक्ष मोहन गुप्ता, उपाध्यक्ष पवन कुमार साह, श्री राजकीय संस्कृत माध्यमिक विद्यालयका प्र.अ. ईश्वरी पौडेल, श्री राम मा.वि. मटिहानीका प्र.अ. श्रीश कुमार मिश्र, समाजसेवी बिन्देश्वर नायक, पूर्व कर्मचारी राम नारायण सहनी, बरुण मंडल, कैलाश ठाकुर, पूर्व शिक्षक राजेश्वर मंडल, बिश्वनाथ यादव, व्यवसायी महेश साह, विद्यालयका शिक्षक-शिक्षिका, विद्यार्थी तथा स्थानीयहरूको उल्लेखनीय उपस्थिति थियो ।


## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**जलेश्वर नगरपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**बलान बिहुल गाउँपालिका**
सप्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

**'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'**

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**देवानगन्ज गाउँपालिका**
सप्तरी, मधेश प्रदेश

# ‘जनअपेक्षा अनुरूप सेवा प्रवाह गर्न र आपराधिक तत्वहरूलाई निस्तेज गर्न सबैको सामूहिक प्रयत्न आवश्यक’




काठमाडौं । प्रहरी महानिरीक्षक दान बहादुर कार्कीले संगठनको नेतृत्वको जिम्मेवारी सम्हाल्दै गर्दा प्रहरी कर्मचारीहरूको साहस, चरित्र र व्यावसायिकतालाई सांगठनिक लक्ष्य प्राप्ति गर्ने पथप्रदर्शक शक्ति र सामर्थ्यको रूपमा लिएको बताउँदै यसकै जगमा अझ जनविश्वास आर्जन गर्न जनअपेक्षा अनुरूपको सेवा प्रवाह गर्न र आपराधिक तत्वहरूलाई निस्तेज गराई भय रहित समाज निर्माण गर्न हामी सबैको सामूहिक प्रयत्न आवश्यक रहेको बताउनुभएको छ ।

नेपाल प्रहरी प्रधान कार्यालयमा बिहीबार आयोजित विशेष समारोहबीच प्रहरी अधिकृत तथा जवानहरूलाई निर्देशन सम्बोधनका क्रममा प्रहरी महानिरीक्षक कार्कीले प्रहरी संगठनको श्रीवृद्धिमा जोड दिँदै उक्त कुरा बताउनुभएको हो ।

प्रहरी महानिरीक्षक कार्कीले विशेष परिस्थितिमा निर्माण भएको विद्यमान सरकारले जनआकांक्षा अनुरूप देशमा सुशासन कायम गर्ने र निकट भविष्यमा भय रहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने मूल अभिष्ट राखेको उल्लेख गर्दै विभिन्न आयामका सुरक्षा चुनौतिहरूको कारणले समग्र सुरक्षा संवेदनशीलता बढेको र यो विषम परिस्थिति र संकट पश्चात उठ्दै गरेका प्रहरी संरचना र मनोबलको सन्दर्भमा प्राप्त यो जिम्मेवारी र समग्रमा नेपाल प्रहरी प्रति असाधारण किसिमका अपेक्षाहरू रहेको तथ्य प्रति आफू पूर्णरूपमा जानकार र सजग रहेको बताउनुभयो । असामान्य र असाधारण सुरक्षा परिस्थितिमा राष्ट्र र नागरिकहरूको सेवाका लागि नेपाल प्रहरीका सकल दर्जाले लिएको अग्रसरता, साहस र धैर्यताको उच्च प्रशंसा गर्दै जस्तो सुकै प्रतिकुल परिस्थितिको अवस्थामा पनि तत्काल पुनर्जागृत भई राष्ट्र र जनताको सेवामा जुट्ने नेपाल प्रहरीको मूल चरित्र र सामर्थ्यलाई फेरी एकपटक पुन: पुष्टि गरेको उहाँले बताउनुभयो ।

असाधारण परिस्थितिले असाधारण कर्तव्यपरायणताको अपेक्षा राखेको हुने बताउँदै प्रहरी महानिरीक्षक कार्कीले भन्नुभयो, ‘आजको यस परिस्थितिमा हामीले हाम्रा व्यक्तिगत स्वार्थहरूलाई थाती राखेर सुशासन प्रतिको असाधारण जनअपेक्षा अनुरूपको संगठन निर्माण र तदनुरूपको सेवा प्रवाह गर्नका लागि अहोरात्र आफ्नै काम सम्झेर, घरकै काम सम्झेर मुलुकलाई शिरमा राखेर खटिनुपर्ने अवस्था छ । साधन स्रोतको अभावको देखाएर बसिराख्ने छुट हामीलाई प्राप्त छैन । भनिन्छ प्रतिकुल परिस्थितिमा नै मानिसहरूको वास्तविक क्षमताको मूल्याङ्कन हुन्छ । मान्छेको वास्तविक परिचय पनि त्यही निर हुन्छ ।’

नवीनतम् प्रविधिको रूपमा साइबर सम्बन्धी अपराधहरू एवम् आर्थिक तथा वित्तीय प्रकृतिका अपराधहरू असाधारण रूपमा वृद्धि भइरहेको, लागूऔषधको दुर्व्यसन र दुरूपयोग, आत्महत्या तथा सडक दुर्घटनाका भयावह अवस्थाहरू रहेको उल्लेख गर्दै यस्ता चुनौतिहरूको सम्बोधन गर्न एकल प्रयास वा सीमित प्रहरी कर्मचारीहरूको प्रयासबाट मात्र सम्भव नहुने हुँदा सबैको सामूहिक सक्रियता, अग्रसरता र सिर्जनशीलता आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रहरी महानिरीक्षक कार्कीले संगठनात्मक र व्यक्तिगत रूपमा आम नागरिकहरू प्रतिका व्यवहारलाई अझ परिमार्जन र सुधार गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै आपराधिक प्रवृत्ति विरूद्ध कठोर रूपमा र आम नागरिकसँग अपेक्षा अनुरूप व्यवहार गरी सेवा प्रवाह गर्न सम्पूर्ण प्रहरी कर्मचारीहरूलाई निर्देशन दिनुभयो । आआफ्नो आचरण र व्यावसायिकतालाई व्यक्तिगत पुँजीको रूपमा मात्र ग्रहण नगरेर सांगठनिक आस्था र सम्मानको साधनको रूपमा ग्रहण गर्नुहुन सबै प्रहरी कर्मचारीहरूलाई उहाँले निर्देशन समेत दिनुभयो । गैरव्यावसायिक क्रियाकलापमा संलग्न प्रहरी कर्मचारीहरू विरूद्ध शून्य सहनशीलताको नीति कडाईका साथ लागू गर्न कटिवद्ध रहेको उहाँले बताउनुभयो ।

प्रहरी महानिरीक्षक कार्कीले नेपाल प्रहरी विधिवत रूपमा स्थापना भएको करिब सात दशक लामो कालखण्डमा आइपरेका विभिन्न किसिमका उतार चढाव, आरोह अवरोह पार गर्दै संगठनलाई यहाँसम्म ल्याइपुऱ्याउन महत्वपूर्ण योगदान पुऱ्याउनु हुने अग्रज प्रहरी महानिरिक्षकहरू लगायत अवकाश प्राप्त प्रहरी कर्मचारीहरू प्रति उच्च सम्मानका साथ हार्दिक आभार व्यक्त गर्नुभयो । साथै संगठनलाई समयानुकुल विकासको अर्को चरणमा पुऱ्याउने अभिभारा सबैको साझा दायित्वको रूपमा रहेको उहाँले बताउनुभयो ।

समारोहमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू, प्रहरी प्रधान कार्यालय तथा उपत्यकास्थित वरिष्ठ प्रहरी अधिकृत तथा जवानहरूको उपस्थितिको साथै प्रदेश प्रहरी कार्यालयहरूका प्रमुखहरू, नेपाल प्रहरी प्रदेश कार्यालयहरूका प्रमुखहरू, शिक्षालयका प्राचार्यहरू, प्रदेश प्रहरी तालिम केन्द्रका प्रमुखहरू, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुखहरू, जिल्ला प्रहरी कार्यालयका प्रमुखहरू, नेपाल प्रहरी विशेष सुरक्षा गणका प्रमुखहरू, प्रदेश प्रहरी गणका प्रमुखहरूको समेत भर्चुअल रूपमा उपस्थिति रहेको थियो ।


## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।



**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश



## सूचना ! सूचना !! सूचना !!!

### ‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।



**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश




# सडकदेखि मतपत्रसम्मः जेनजी आन्दोलन र नेपालको आगामी चुनाव

२०८२ कार्तिक २६ मा नेपाल इन्स्टिच्युट फर इन्टरनेशनल कोअपरेसन एण्ड इन्गेजमेन्ट (नाइस) ले ललितपुरको हात्तिवनस्थित नाइस सेमिनार हलमा "सडकदेखि मतपत्रसम्मः जेन जीआन्दोलन र नेपालको आगामी चुनाव" शीर्षकमा एक छलफल कार्यक्रम आयोजना गर्‍यो।




कार्यक्रमको उद्घाटन गर्दै नाइसका कार्यक्रम संयोजक विवेक ध्वज थापाले हालैको जेन जीआन्दोलन र त्यसको नेपालको राजनीतिक परिदृश्यमा पर्ने प्रभावबारे आफ्ना विचार व्यक्त गरे। उहाँले जेन जीआन्दोलनपछि नेपाल एक ऐतिहासिक निर्वाचनतर्फ अघि बढिरहेको बताउनुभयो। युवा आवाजहरूको उदयलाई जोड दिँदै, उहाँले जेन जीको उदयले राजनीतिक सहभागिता र नेतृत्वमा रूपान्तरणको संकेत दिएको बताउनुभयो।

तनुजा पाण्डे, जेन जी अभियन्ता,ले भनिन् कि नेपालको जेन जेड साझा कारणका लागि एकताबद्ध छन्, तर फरक राजनीतिक विचारधाराहरू अझै पनि विद्यमान छन्। उनले आन्दोलनलाई प्रणालीगत असफलताप्रति उत्पन्न भएको निराशाबाट प्रेरित भएको बताइन्। पाण्डेले जोड दिइन् कि जेन जीले यस्तो "उन्नत लोकतन्त्र" चाहन्छ, जहाँ न्याय सबैका लागि सुलभ होस्, असमानतालाई सामान्य नठानियोस्, र राजनीतिक प्रणाली साँच्चै जनताको सेवामा केन्द्रित होस्। उनले यो पनि बताइन् कि जेन जी सेप्टेम्बर ८ भन्दा धेरै अघिदेखि नै सडकमा सक्रिय छन् र सधैं रचनात्मक विरोधका तरिकाहरू अपनाउँदै आएका छन् – जस्तै रूख अँगालो हाल्ने, किताब पढ्ने जस्ता विरोधका शैलीहरू।

अर्नब चौधरी, जेन जी अभियन्ता,ले भने कि नेपालमा पुस्तान्तरणीय संवाद अझै सीमित छ। उनले जेन जीलाई विशेषाधिकार प्राप्त र संघर्षबाट टाढा भएको रूपमा चित्रण गर्ने साँघुरो कथालाई प्रश्न गरे। उनले सम्झाए कि उनीहरू गृहयुद्ध र त्यसपछिका विभिन्न आन्दोलनहरूको बीचमा हुर्केका हुन्। उनले प्रविधि र अवसरमा क्षेत्रीय असमानता रहेको औंल्याउँदै भने कि यी भिन्नताहरूका बाबजुद पनि नेपालभरिका जेन जीहरूमा भ्रष्टाचार, खराब शासन र अलोकतान्त्रिक अभ्यासप्रति साझा चिन्ता छ। उनले राज्यद्वारा प्रायोजित हिंसाको निन्दा गरे र स्पष्ट पारे कि जेन जीले लोकतन्त्र वा संघीयतामा होइन, प्रणालीका कमजोरीहरूमा विश्वास गुमाएका हुन्।

अनुराग आचार्य, नेपालस्थित पालिसी इन्ट्रप्रेनर्स इन्क. (पि.इ.आइ.) का निर्देशक,ले २००६ को आन्दोलनलाई सम्झाउँदै त्यसलाई आजको आन्दोलनसँग तुलना गरे। त्यो बेला राजनीतिक नेताहरू र नागरिक समाजले समर्थन गरेका थिए, तर अहिलेको आन्दोलन भने पूर्ण रूपमा युवा विद्यार्थीहरूले नेतृत्व गरेका छन्। विगतका बलिदानहरूले अपेक्षित परिवर्तन ल्याउन नसकेको निराशा व्यक्त गर्दै उनले भने कि जेन जीपुस्ता, अघिल्ला पुस्ताहरूभन्दा फरक छ, पर्खिन चाहँदैन।

प्रश्न-उत्तर सत्रमा अर्नब चौधरीले जोड दिए कि जेन जी समूह देशभर छरिएका छन्, विभाजित होइनन्। जेन जी विभाजित छन् भन्ने भनाइ गलत हुनेछ। बरु यसो भन्नु उपयुक्त हुन्छ कि हामी विभाजनमा होइन, नेटवर्क्ड ढाँचामा काम गरिरहेका छौं।

जब तनुजालाई सोधियो कि उनले आफ्नो विरुद्ध चलाइएका गलत र भ्रामक सूचना अभियानको प्रतिवाद किन गरिनन्, उनले भनिन् कि अन्य विषयहरूमा ध्यान दिनेभन्दा न्यायका लागि आवाज उठाउने र आन्दोलनको भावना जिउँदो राख्नु नै बढी महत्वपूर्ण थियो।

आचार्यले बंगलादेशको युवाले नेतृत्व गरेको जुलाई चार्टरबारे प्रकाश पार्दै बंगलादेश र नेपालको क्रान्तिपछिको अवस्थाबीचका समानता र भिन्नताहरू औंल्याए। उनले भने कि बंगलादेशका युवाहरूले राज्यको कार्यकारी अधिकार सीमित गर्न माग गरिरहेका छन्, र सोही सन्दर्भमा नेपालका जेन जीको धारणा के हो भन्ने प्रश्न उठाए।

कार्यक्रममा अनुसन्धानकर्ता र शिक्षाविद्हरू, विश्वविद्यालयका विद्यार्थीहरू, पूर्व तथा हालका कूटनीतिज्ञहरू, र सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

# मङ्सिर भित्रै कांग्रेसको नियमित महाधिवेशन गर्न गिरीको माग



ललितपुर । नेपाली काँग्रेस केन्द्रीय सदस्य दीपक गिरीले पार्टी केन्द्रीय कार्यसमितिको बैठकमा महाभारतको एउटा प्रसङ्ग स्मरण गर्दै देशको गम्भीर अवस्थालाई चित्रण गरेका छन् ।

'महाभारत युद्धको १४ औं दिन भगवान् कृष्णले आफ्नो दैवी शक्ति प्रयोग गरेर झमक्क साँझ पारि दिनुभयो र अर्जुन असफल भए भन्दै खुसी मनाउन निस्किएका जयद्रथलाई उज्यालो गराएर सजिलै वध गर्न सहयोग गर्नुभयो । यसबाट हामीले बुझ्नुपर्छ कि भदौ २४ को विध्वंस काँग्रेस, एमालेलाई सत्तामा फर्काउन होइन, तिनको विकल्प खोज्न गराइएको थियो। त्यसैले समयमै हामीले यो बुझेर कदम चाल्नुपर्छ ।' उनले पार्टीलाई 'बिजनेस एज युजुएल' को शैली छोडेर आमूल सुधार गर्दै नयाँ नेतृत्व, नीति र कार्यक्रम सहित जनताको बिचमा जान ढिलो गर्न नहुनेमा जोड पनि दिए ।

सानेपामा जारी केन्द्रीय कार्यसमितिको बैठकमा गिरीले जेनजी आन्दोलनका मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घटनाको छानबिनको माग पनि गरे । उनले 'गत भाद्र २४ गते आन्दोलनको आवरणमा काँग्रेसका कार्यालय, नेताका घर र धरोहरहरूमा छानी-छानी गरिएको तोडफोड र आगजनीको घटनाको छानबिन गरी दोषीलाई कडा कारबाही गर्न माग पनि गरे।

उनले देशको अस्तित्वमाथि नै खतरा रहेको भन्दै मुलुक अत्यन्तै संवेदनशील अवस्थामा रहेको पनि उल्लेख गरे । गिरीले भने 'माझीहरूले सल्लाह गर्दागर्दै सात गाउँ डुबे' भन्ने नेपाली उखान स्मरण गराउन चाहन्छु । त्यसैले अहिले पार्टी अनिर्णयको बन्दी हुनु हुँदैन ।'

बेलायतका पूर्व प्रधानमन्त्री टोनी ब्लेयर र न्युयोर्कका नवनिर्वाचित मेयर जोहरान ममदानीको उदाहरण दिँदै काँग्रेस पनि समय सुहाउँदो नयाँ नेतृत्वका साथ अगाडि बढ्नुपर्ने बताए ।

प्रतिनिधिसभा विघटन असंवैधानिक भएको भन्दै यसलाई सच्याउन र जेन-जी आन्दोलनका माग सम्बोधन गर्न काँग्रेस संसद् पुनः स्थापनाको पक्षमा जाने कि नजाने एउटा औपचारिक धारणा बनाउन पनि आग्रह पनि गरे ।

काँग्रेस बैठकमा पेचिलो बन्दै गएको १५ औं महाधिवेशनको कार्य तालिकाको सन्दर्भमा धारणा राख्दै गिरीले देशभरिका महाधिवेशन प्रतिनिधिहरूको भावनाको सम्मान गर्दै मङ्सिर महिनाभित्रै नियमित महाधिवेशन गर्ने कार्यपालिका सार्वजनिक गर्न र भ्रातृ संस्थाहरूको अधिवेशन गराउन पनि माग गरे ।

यसैगरी, गत निर्वाचनमा गठबन्धनका उम्मेदवारलाई सहयोग नगरेको भन्दै कारबाही गरिएका सबै काँग्रेसजीलाई वर्तमान राजनैतिक परिस्थितिमा आम माफी दिन पनि उनले आग्रह गरे । पूर्व मन्त्री समेत रहेका निवर्तमान सांसद गिरीले भ्रष्टाचारको अन्त्य, पारदर्शिता, र नेतृत्वमा जबाफदेहिताको संस्कृति विकास गर्न संरचनागत सुधार अपरिहार्य रहेको औंल्याए ।

उनले नयाँ नेपाल बनाउन नयाँ काँग्रेस बनाउनै पर्ने बताउँदै पार्टी सुधारको प्रयास गाउँ तथा नगर तहबाटै सुरु गर्नुपर्नेमा जोड दिए ।

उनले काँग्रेसले पार्टीभित्र आमूल सुधार गरेर, आन्तरिक लोकतन्त्र सुनिश्चित गरेर भ्रष्टाचारमुक्त र सुशासनयुक्त नेपाल निर्माण गर्ने युवाहरूको चाहना पुरा गर्न सक्ने नीति र कार्यक्रम ल्याएर जनताको बिचमा जान अब ढिला गर्न नहुने पनि दोहोऱ्याए ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बसबरीया गाउँपालिका
सर्लाही, मधेश प्रदेश

# 'देशको रूपान्तरणका लागि डिजिटल आधुनिकीकरण आवश्यक'

काठमाडौं । बेलायतमा मुख्यालय रहेको आईटी कन्सल्टिङ र साइबर सुरक्षासम्बन्धी कम्पनी जेनेस सलुशनका प्रमुख कार्यकारी अधिकृत अञ्जनी फुयाँलले नेपाल अहिले एक निर्णायक मोडमा उभिएको र देशको रूपान्तरणका लागि डिजिटल आधुनिकीकरण अत्यावश्यक भएको बताएका छन् ।

आइतबार ललितपुरमा आयोजित 'लीडर्स डायलग अन डिजिटल कमोडिटी ग्रोथ' कार्यक्रमलाई सम्बोधन गर्दै फुयाँलले भने, "नेपाल उद्योग वाणिज्य महासंघ अब 'आवाजहरूको महासंघ' बाट 'डेटाको महासंघ' बन्नुपर्छ।"

अमेजन वेब सर्भिसेज (एडब्लुएस) को बेलायत तथा आयरल्याण्डका लागि एम्ब्यासडर रही सकेका फुयाँलले नेपालका १२० भन्दा बढी वस्तु तथा उद्योग संघसंस्थालाई एउटै 'डिजिटल कमोडिटी इकोसिस्टम' अन्तर्गत जोड्ने राष्ट्रिय दृष्टिकोण प्रस्तुत गरे।

कृषि, उत्पादन, व्यापार, शिक्षा, स्वास्थ्य र सिर्जनात्मक उद्योगजस्ता प्रमुख क्षेत्रहरूलाई डिजिटाइज गरेर नेपालले सन् २०३० सम्ममा दक्षता वृद्धि र निर्यात आम्दानीका माध्यमबाट अरबौं रुपैयाँको लाभ लिन सक्छ, उनले भने।

फुयाँलले आगामी छ महिनाको पाइलट पहल अन्तर्गत यस परियोजनाको पहिलो चरण सुरु हुने जानकारी पनि दिए। सो चरणमा पाँच संघसंस्थाहरू – ह्यान्डिक्राफ्ट, कफी, फार्मा, सिमेन्ट र कुरियरलाई जोडिनेछ। यस प्रक्रियामा तिनका डेटा एकीकृत गरी एफएनसीसीआइ कनेक्ट मार्फत सञ्चार स्वचालित गरिनेछ, र एडब्लुएस क्लाउडको सुरक्षित पूर्वाधारमा 'एनलिटिक्स ड्यासबोर्ड' निर्माण गरिनेछ।




नेपाललाई नयाँ दृष्टिले हेर्न नेताहरुलाई आग्रह गर्दै फुयाँलले भने, "नेपाललाई एक गरीब र अविकसित मुलुकको रुपमा हैन, सफा जलविद्युत् ऊर्जाले सञ्चालित देश, प्रविधि मैत्री युवा जनशक्तिले चलाएको देश, विश्वव्यापी प्रवासी सञ्जालले सुदृढ बनाएको समाज, र क्षेत्रीय डिजिटल नवप्रवर्तन केन्द्र बन्न तयार मुलुकको रुपमा हेरिनु पर्छ। हामीसँग नवीकरणीय ऊर्जा, युवा प्रतिभा, र विश्वव्यापी पहुँचजस्ता श्रोतहरु छन् र यी श्रोतलाई डेटाको माध्यमबाट जोड्न आवश्यक छ।"

" डिजिटल रूपान्तरण केवल प्रविधिको कुरा मात्रै होइन, यो राष्ट्रिय उत्थानशिलता निर्माण गर्ने र आगामी दशकमा नेपालको प्रतिस्पर्धात्मक स्वरूपलाई नयाँ परिभाषा दिने विषय पनि हो," उनले भने।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल उद्योग वाणिज्य महासंघसँगका उपाध्यक्ष हेम राज ढकालले प्रविधिले नेपालको रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे। सानफ्रान्सिस्को जाँदा अन्तरराष्ट्रिय बजारमा नेपाली कफी देख्दा साह्रै खुसी लागेको बताउँदै उनले हस्तकला, कफी लगायत नेपाली उत्पादनहरु अन्तरराष्ट्रिय बजारसंम पुराउन डिजिटल माध्यमको बढी भन्दा बढी उपयोग गर्नु पर्ने बताए। उनले साना तथा मझौला उद्यम लगायत नेपाली उद्यमीहरुलाई मदत पुग्ने बताए। "हाम्रा उत्पादनहरुलाई प्रतिस्पर्धी बनाउन पनि डिजिटल प्लेटफर्ममा जान आवश्यक छ। हाम्रो अर्थतन्त्र र संघसंस्थाहरुलाई पनि डिजिटलमा रुपान्तरण गर्न अब ढीलो गर्नु हुँदैन," उनले भने।

उनले आफु पुरानो पुस्ताको भए पनि प्रविधिमा पोख्त नयाँ पुस्तालाई मुलुकको नव निर्माणमा सँगै लिएर हिड्नु पर्ने बताए।

'डिजिटल सिनर्जी: ट्रांस्फर्मिंग नेपाल्स कमोडिटी सेक्टर्स फर अ स्मार्टर फ्युचर' शीर्षकमा आयोजित सो कार्यक्रम जेनेस सलुशनले नेपाल उद्योग वाणिज्य महासंघसँगको सहकार्यमा आयोजना गरेको थियो।

कार्यक्रमको अध्यक्षता गरिरहेका जेनेस सलुशनका कार्यकारी सल्लाहकार भीम ढकालले सुशासनको लागि, कल्याणकारी राज्य , निजी क्षेत्रको लागि र दीगो विकास लक्ष हासिल गर्न पनि प्रविधिको प्रयोग अत्यावश्यक रहेको बताए। लन्डन, न्यूयोर्क जस्ता ठूल्ठूला शहरहरुमा डिजिटल माध्यमबाट सम्पूर्ण सार्वजनिक यातायात प्रणालीको व्यवस्थापन भै रहेको तर नेपालमा अझै ट्राफिक प्रहरी सडकमा उभिनु पर्ने अवस्था रहेको उनले बताए। उनले आइटी भनेको आइटी शाखाको मात्रै काम नभएर सम्पूर्ण व्यवसायसंग अन्तरसम्बन्धित रहेको भन्दै अब डिजिटल मार्केटिंगले थुप्रै सम्भावना हरु उजागर गरेको पनि जनाए । उनले जेनेस सलुशनले आइटी साक्षरता र साइबर सेक्युरिटीको क्षेत्रमा पनि काम गरि रहेको बताए।

जेनेस सलुशनको नेपाल कार्यालयका निर्देशक शरद बन्जाराले सबैलाई स्वागत गरेका थिए । .

नेपाल, बंगलादेश, नाइजेरिया, फिनल्याण्डसहित १० भन्दा बढी देशहरूमा जेनेस सलुशनका कार्यालयहरु रहेका छन्। कम्पनीले विभिन्न देशका सरकारी, शैक्षिक तथा निजी क्षेत्रका संस्थाहरूसँग मिलेर क्लाउड कम्प्युटिङ, डेटा एनलिटिक्स, कृत्रिम बुद्धिमत्ता र साइबर सुरक्षाको क्षेत्रमा सेवा पुऱ्याउँदै आएको छ।




## बिजुली बिलका आधारमा मतदान गर्ने व्यवस्था गर्न आयोगसँग सुकुम्बासीको माग



काठमाडौं । आम जनता पार्टी (आजपा) निकटको आम सुकुम्बासी तथा अव्यवस्थित बसोबासी संघले निर्वाचनको समयमा सुकुम्बासी बस्तीमा काठमाडौं महानगरपालिकाले डोजर आतंक मचाएर मुडभेड गर्न खोजेको जनाएको छ ।

निर्वाचन आयोगमा आइतबार संघले ध्यानाकर्षणपत्र बुझाउदै निर्वाचनको वातावरण बनाउन माग समेत गरेको छ । २१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन घोषणा भइसकेको अवस्थामा काठमाडौं महानगरपालिकाले सातदिने सूचना जारी गर्दै सुकुम्बासी बस्तीमा डोजर आतंक मचाउँने जनाउदै संघले यसबाट निर्वाचन बिथोलिन सक्नेमा सचेत गराएको छ ।

पछिल्लो समय निर्वाचनलाई बिथोल्ने हिसाबले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले सुकुम्बासी बस्तीमा डोजर आतंक मचाउने रणनीति अनुसार अगाडी बढेको संघका अध्यक्ष कालबहादुर विकले जनाएका छन् । महानरको यस्तो गैरकानून कार्यका बिरुद्धमा जस्तो सुकै प्रतिकार गर्न आफूहरु तयार रहेको संघ अध्यक्ष विकले चेतावनी समेत दिएका छन् ।

'हाम्रो जस्तो गरिब देशको राजधानीमा सुकुम्बासी बस्ती हुनु समस्या होइन । त्यसलाई व्यवस्थित बनाउनुको साटो काठमाडौं महानगरका मेयर बालेन शाहहरुले डोजर आतंक मचाउन खोज्नु दुर्भाग्य हो । सुकुम्बासी एवं अव्यवस्थित बसोबासीलाई व्यवस्थित बनाउनु पर्ने दायित्वबाट भागेर समस्या समाधान हुदैन,' संघका अध्यक्ष विकले भने ।

साथै, निर्वाचन निष्पक्ष, शान्तिपूर्ण एवं भयरहित वातावरणमा होस भन्ने आफूहरुको माग रहेको बताउदै संघका अध्यक्ष विकले बिजुली बिलका आधारमा मतदान गर्ने व्यवस्था गर्न आयोगसंग माग गरेका छन् ।

## कटहरिया नगरपालिकाको तालाबन्दी खुल्यो

रौतहट । जिल्लाको कटहरिया नगरपालिकामा करार तथा दैनिक ज्यालादारी कर्मचारीहरूले बक्यौता तलब-भत्ता माग गर्दै गरेको तालाबन्दी १५ दिनपछि खुलेको छ । नगरप्रमुख अजय प्रकाश जैसवालले समस्या समाधानमा चासो नदेखाउनुभएको आरोप लगाउँदै नौ वटै वडा अध्यक्ष र नगर कार्यपालिका सदस्यहरूले संयुक्त दबाब सिर्जना गरेका थिए । तलब निकासा सुनिश्चित गर्ने सर्तमा ताला खोलिएको वडा अध्यक्ष चन्दन कुशवाहाले जानकारी दिए ।

नगरप्रमुखले माग सम्बोधनमा ढिलाइ गर्नुभएकाले सबै वडाका जनप्रतिनिधिहरू एकताबद्ध भएर अघि बढ्नुपरेको हो ।नगर कार्यपालिका सदस्य मनोज कुमार जैसवालले तलब-भत्ता निकासाको सुनिश्चितता नभएसम्म मेयरले बोलाउने कुनै पनि बैठकका प्रस्तावमा हस्ताक्षर नगर्ने सहमति वडा अध्यक्ष र सदस्यबीच भएको बताए । हाल सो पालिका प्रमुख प्रशासकीय अधिकृत विहीन बनेको छ । नगरप्रमुख अजय प्रकाश जयसवाल प्रमुख प्रशासकीय अधिकृतको लागि मन्त्रालय धाइरहेको बताए ।

दुई सातासम्म तालाबन्दीका कारण नागरिकता सिफारिस, सामाजिक सुविधा, राजस्व सङ्कलनलगायत अत्यावश्यक सेवा अवरुद्ध भएका थिए । ताला खुलेपछि सबै सेवा पुनः सुचारु भएको नगरपालिकाले जनाएको छ ।

## लुम्बिनीको हिउँदे अधिवेशन आह्वान

लुम्बिनी । लुम्बिनी प्रदेश प्रमुख कृष्णबहादुर घर्तीमगरले मङ्सिर ८ गतेदेखि प्रदेश सभाको हिउँदे (सातौं) अधिवेशन आह्वान गरेका छन् ।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) र धारा १६६ को उपधारा (२) बमोजिम मङ्सिर ८ गते सोमबार अपराह्न १:०० बैठक हुनेगरी प्रदेश प्रमुख घर्तीले अधिवेशन आह्वान गरेका हुन् ।

प्रदेशसभा सचिवालयमा जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालनसम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुबिधा सम्बन्धी ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक दर्ता भएका छन् ।

## नेपालगन्ज उपमहानगरद्वारा किसानलाई उन्नत बीउ वितरण

बाँके । नेपालगन्ज उपमहानगरपालिकाले अनुदानमा गहुँको उन्नत बीउ वितरण गरेको छ । नेपालगन्ज उपमहानगरपालिका कृषि शाखामार्फत खाद्यान्न बाली गहुँको उन्नत बीउमा ५० प्रतिशत अनुदानमा कृषकहरूलाई वितरण कार्यक्रम अन्तर्गत विजय र बाणगंगा जातको उन्नत बीउ वितरण गरिएको हो ।

उपमहानगरपालिकाभरिका आम किसानहरूलाई लक्षित गरी वितरण गर्नु पूर्व बीउ माग सङ्कलनका लागि ७ दिने सूचना प्रकाशन गरिएको थियो ।

उक्त समयभित्र माग गर्न आएका किसानहरूलाई बीउ वितरण गरिएको कृषि शाखाका नायब प्राविधिक सहायक भुवन प्रसाद पन्तले बताए ।

# भारतले नेपालमा ११ वटा नयाँ विकास परियोजनामा सहयोग गर्ने


काठमाडौं। भारत सरकारको अनुदान सहयोगमा नेपालमा ११ वटा सामुदायिक विकास परियोजना सञ्चालन गर्ने भएको छ। नेपालस्थित भारतीय दूतावास, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका परियोजना कार्यान्वयन निकायबीच शुक्रबार ती परियोजनाका लागि सम्झौतापत्र (एमओयू) मा हस्ताक्षर भएको हो। सम्झौतापत्रमा यहाँस्थित भारतीय दूतावास, नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका परियोजना कार्यान्वयन निकायहरूले हस्ताक्षर गरेका हुन्। उक्त परियोजनाहरू करिब रु एक अर्ब १६ करोड लागतमा कार्यान्वयन हुने दूतावासले जनाएको छ।



भारत सरकारले सन् २००३ देखि नेपालमा हालसम्म ५९० वटा उच्च प्रभाव समुदाय विकास परियोजनाहरू सञ्चालन गरेको छ। तीमध्ये ५०२ परियोजनाहरू शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ, सम्पर्क मार्ग र सार्वजनिक उपयोगिता क्षेत्रमा पूरा भइसकेका छन् भने बाँकी परियोजनाहरू विभिन्न चरणमा कार्यान्वयन भइरहेका छन्। यी सबै परियोजनाहरू नेपालका सातै प्रदेशमा रहेका छन्। छिमेकी मुलुकका रूपमा भारत र नेपालबीच दीर्घकालीन, बहुआयामिक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ। भारत सरकारद्वारा समर्थित यी परियोजनाहरूले नेपालमा जनशक्तिकरणका साथै प्राथमिकता प्राप्त क्षेत्रमा पूर्वाधार विकासमा टेवा पुऱ्याउने विश्वास लिइएको छ।

# भारतको सहयोगमा विद्यालय भवन निर्माणका लागि शिलान्यास

काठमाडौं। ओखलढुङ्गा जिल्लाको मानेभञ्ज्याङ गाउँपालिका-७ स्थित श्री स्वर्णान्तराल आधारभूत विद्यालय, टोक्सेलमा नयाँ विद्यालय भवन निर्माण कार्यको शिलान्यास सोमबार भर्चुअल माध्यमबाट सम्पन्न भएको छ। भारत सरकारको आर्थिक सहयोगमा उच्च प्रभाव सामुदायिक विकास परियोजना अन्तर्गत निर्माण हुन लागेको सो विद्यालय भवन साढे तीन तल्ले हुनेछ। भवनमा कक्षाकोठा तथा छात्र-छात्राका लागि शौचालयको समेत सुविधा हुनेछ।



सन् २००३ देखि भारत सरकारले नेपालमा ५७९ वटा उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू सञ्चालन गरिसकेको छ। तीमध्ये कोशी प्रदेशका विभिन्न क्षेत्रमा ९३ परियोजना रहेका छन्, जसमा ओखलढुङ्गा जिल्लाका पाँच परियोजनाहरू पनि समावेश छन्। यसका साथै, भारत सरकारले कोशी प्रदेशका स्वास्थ्य र शिक्षा क्षेत्रका संस्थाहरुलाई १५० वटा एम्बुलेन्स र ६२ वटा विद्यालय बस उपहारस्वरूप प्रदान गरेको छ, जसमा ओखलढुङ्गा जिल्लाका चार एम्बुलेन्स पनि समावेश छन्। उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत र नेपालबीचको बहुआयामिक विकास साझेदारीको अभिन्न हिस्सा हो, जसले दुवै देशबीचको मित्रता, सहयोग र विकास सहकार्यलाई अझ सुदृढ बनाउने कार्य गरेको छ।

# ग्लोबल आइएमई बैंकको वार्षिक साधारण सभा सम्पन्न

ग्लोबल आइएमई बैंक लिमिटेडको १९औं वार्षिक साधारणसभा बुधबार काठमाडौंमा सम्पन्न भएको छ।




साधारणसभाले आर्थिक वर्ष २०८१/८२ को सञ्चित मुनाफा समेतबाट बैंकले आफ्ना शेयरधनीहरूलाई प्रस्ताव गरेको चुँक्ता पुँजीको ८ प्रतिशत नगद लाभांश (कर सहित) प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत गरेको छ। सभाले सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गर्नुभएको वार्षिक प्रतिवेदन र एकीकृत वित्तीय विवरणलाई अनुमोदन गर्दै नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ।

बैंकले आर्थिक वर्ष २०८१।८२ मा रु. ७ अर्ब २३ करोड रुपैयाँ सञ्चालन मुनाफा तथा रु. ५ अर्ब ७ करोड रुपैयाँ करपछिको मुनाफा आर्जन गरेको थियो।

साधारणसभामा आफ्नो मन्तब्य राख्दै अध्यक्ष ढकालले बैंकले नेपाल सरकार र नेपाल राष्ट्र बैंकको नीति, नियमहरूको पूर्ण परिपालना गर्दै शेयरधनीहरूलाई उचित लाभांश प्रदान गर्न प्रतिबद्ध रहेको बताउनु भयो। साथै, बैंकले आफ्नो व्यावसायिक रणनीति अन्तर्गत नयाँ व्यावसायिक क्षेत्रहरूको सन्तुलित विस्तार गर्दै जाने योजना रहेको पनि उहाँले उल्लेख गर्नुभयो।

साधारणसभामा नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडका प्रतिनिधिहरु, शेयरधनी, संस्थागत शेयरधनीका प्रतिनिधिहरु, सञ्चारकर्मी, नियामक निकायका प्रतिनिधिहरु, कर्मचारीहरु समेतको उपस्थिति रहेको थियो।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ। बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ।

ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो।

बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ।

विपद्को पूर्वतयारी गरौं

भूकम्प, बाढी, पहिरो, डुबान, आगलागी, हावाहुरी, चट्याङजस्ता विपद्जन्य जोखिमबाट जोगिनः

- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- आपतकालीन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात आदि) सधैं तयार राखौं,
- विद्यालय, कार्यालय र समुदायमा विपद् व्यवस्थापन योजना बनाऔं,
- अफवाह नफैलाऔं - आधिकारिक जानकारीमा मात्र भर परौं।

विपद् रोक्न सकिँदैन, पूर्वतयारी गरे क्षति घटाउन सकिन्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड



मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं